सचेतनामूलक तालिम सम्पन्न

विराटनगर (न्यू सृष्टि दैनिक)- महिला हिंसा, दाइजो प्रथा र बालविवाहविरुद्ध जनचेतना फैलाउने उद्देश्यले विराटनगर वडा नं. १२, १३, र १५ का ३५ सहभागीलाई लक्षित गरी सचेतनामूलक तालिम दिइएको छ।

सयपत्री महिला सेवा केन्द्र, विराटनगर-११ को आयोजनामा तथा महानगरको सहयोगमा सम्पन्न तालिममा प्रशिक्षक छाया राईले सहभागीहरूलाई महिला हिंसा, दाइजो प्रथा र बालविवाहको असर तथा त्यसविरुद्ध अपनाउन सकिने कानुनी तथा सामाजिक उपायहरूबारे प्रशिक्षण दिइन्।

विशेष अतिथि भवानी शंकर चापागाईंले प्रशिक्षणलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण सन्देश प्रवाह गरे। मिडियाकर्मी कमला कँडेलले महिला हिंसाको सिकार हुने विभिन्न परम्परागत तथा सामाजिक कारणहरूबारे प्रकाश पार्दै, सचेतनाका माध्यमबाट हिंसाविरुद्ध लड्नुपर्ने आवश्यकता औंल्याइन्।

केन्द्रकी अध्यक्ष मञ्जु चापागाईंले संस्था सामाजिक कार्यसँगै महिलाहरूका लागि सीपमूलक तालिम तथा गोष्ठीहरू सञ्चालन गर्दै आएको जानकारी दिइन्। महिला अधिकारको संरक्षण तथा हिंसा न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रमहरू आवश्यक रहेको वडा नं ११ का वडाध्यक्ष तीर्थेन्द्र न्यौपानेले बताए।

कार्यक्रममा स्वागत मन्तव्य तारा गुरागाईंले दिएकी थिइन् भने कार्यक्रम सञ्चालन कविता निरौलाले गरेकी थिइन्।

कांग्रेस-एमाले एक ठाउँमा: पोखरेल

न्यू सृष्टि दैनिक
विराटनगर

एमालेका महासचिव शंकर पोखरेलले सरकार राष्ट्रिय आवश्यकताका आधारमा बनेको बताएका छन्।

आइतबार प्रेस चौतारी नेपालको १० औं केन्द्रीय महाधिवेशनको विराटनगरमा उद्घाटन गर्दै महासचिव पोखरेलले लोकतान्त्रिक प्रणालीमाथि नै चुनौति उत्पन्न भएको कारण देशका दुई प्रमुख राजनीतिक दल मिलेर सरकार बनाएको बताए। 'कांग्रेस र एमाले पहिलो पटक मिलेका होइनन्, जतिबेलासम्म यी दुई पार्टी मिलेनन् तबसम्म देशमा तानाशाही व्यवस्था रहिरह्यो, जब देशलाई संकट पर्छ, तब कांग्रेस र एमाले मिल्ने गर्दछन्', पोखरेलले भने।

पोखरेलले माओवादीको सशस्त्र द्वन्द्वको निशाना राजा नभएर कांग्रेस र एमाले भएका पोखरेलले बताए। माओवादीलाई सशस्त्र द्वन्द्वको बेला कसले पालन पोषण गरेका थिए भन्ने कुरा प्रमाणित हुँदै गएको उनको भनाइ छ। नेपालको राजनीतिमा नेपाली कांग्रेसले जतिबेला संसद् विगठन गर्छ, त्यतिवेला सदर हुने तर एमालेले विगठन गर्दा अमान्य हुने गरेको पोखरेलले बताए। नेपालको न्याय निरूपणको प्रक्रियामा अदालतको समेत दोहोरा चरित्र देखिएको पोखरेलको गुनासो छ।

राजावादीले लोकतन्त्रमा देश विकासको कुनै काम हुन सकेन भनेर भ्रम फिँजाइरहेका बताउँदै पोखरेलले राजाको पालामा भएको विकास र लोकतन्त्रमा राजनीतिक दलले शासन गर्दा भएका विकास तुलना गरेर हेर्न आग्रह गरे।

पोखरेलले कू-तर्क गरेर जनतालाई भ्रम फिँजाउने कुचेष्टा नगर्न राजावादीहरूलाई चेतावनी दिए। मंगलबारसम्म चल्ने महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने छ। तर नेतृत्व चयन बालुवाटारमा भइसकेको र औपचारिकतामात्रै विराटनगरमा पुरा हुने चर्चाले महाधिवेशन तातेको थियो।

मानवता नै ठूलो धर्म

विराटनगर (न्यू सृष्टि दैनिक)- मानवता नै ठूलो धर्म भन्ने सामाजिक नारा बोकेको विराट व्यापार संघले आगलागीबाट पीडितलाई राहत वितरण गरेको छ।

शनिबार संघले धनपालथानका आगलागी पीडितलाई राहत सामग्री हस्तान्तरण गऱ्यो। धनपालथानको वडा नं. ६ र ७ को १३ घरधुरी आगलागीमा परेको थियो। संघले १३ घरपरिवारलाई चामलका बोरा, भुजा, त्रिपाल, मग, बाल्टी, चिउरा, नुन तेल, दाल, चाउचाउ, लुगा धुने डिटर्जेन्ट, जुत्ता लगायतको सामग्री हस्तान्तरण गरेको थियो।

आगलागीमा परी मृत्यु भएको बालिकाका परिवारलाई भने संघले ४ हजार २ सय रूपैयाँ हस्तान्तरण गरेको थियो। राहत वितरणमा संघका अध्यक्ष अंशु बञ्जरा, उपाध्यक्ष सरद श्रेष्ठ, सरस्वती ओझा, सदस्य महेन्द्र खड्का, अभिषेक गौतम, राम श्रेष्ठ, सोनिया आचार्य, सुष्मिता रिजाल र कार्यालय अधिकृत कृष्ण गौतम संलग्न थिए।

अध्यक्ष बञ्जराले संघले व्यवसायिक हक हितका अलावा सामाजिक कार्य निष्ठापूर्वक गर्दै आएको बताए। उनले संघले रक्तदानदेखि राहत वितरणका कार्यमा अग्रपंक्तिमा रही सेवा दिँदै आएको बताए। विपद्का कार्यमा संघले गर्ने सहयोगमा अन्य संघसंस्थाभन्दा अगाडि छ।

संधियारको नाममा १५ दिने सूचना

सूचना प्रकाशित मितिः २०८१।१२।११

रंगेली नगरपालिका वडा नं. ७ बस्ने श्री उमदा कूमारी राजवंशी, रविका राजवंशी र मोनिका राजवंशीले रंगेली नगरपालीका वडा नं. ७ साबिक रंगेली गा. वि.स. वडा नं ४ कित्ता नं. १६ क्षेत्रफल ७०० व.मी.को

पुर्व : कित्ता नं.-६ (देवु वहरदार)
पश्चिम : कित्ता नं. -१७ (जयनारायण राजवंशी)
उत्तर : कित्तता नं.- कालोपत्रे सडक
दक्षिणः कित्ता नं. -बाटो

यति चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको पहिलो नै निर्माण भएको भवनको भवन नक्सा पास सहितको अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी कार्यालयमा निवेदन दिनु भएकोले सो बनेको भवनको साँध सँधियार कोही कसैलाई पिर मर्का परेको भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरपालिका कार्यालयमा उजुर बाजुर गर्नुहुन स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र पर्न नआएका उजुरी प्रति कुनै कारवाही गरिने छैन।

तपसिलः

भवनको संरचनाको किसिम	फ्रेम स्ट्रक्चर	
तलाको प्रकार	भुई तला	पहिलो तला
लम्बाई	३२'०"	३५'७"
चौडाई	९'१०"	१५'५"
उचाई	१०'५"	१०'५"
क्षेत्रफल	३१४.९४	५६२.५२

नोटः घरधनिलाई सूचना टाँस भएको मितिले १६ दिनमा नगरपालीकाको सर्भेक्षक/अमिन सँग सम्पर्क राखी सर्जमिनको लागी समय लिनहुन जानकारी गराईन्छ।

बोधार्थः १. श्री ७ नं. वडा कार्यालय, कुनै प्रतिक्रिया भए जनाईदिन हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

न्यू सृष्टि दैनिक मुहार अनि रहर... LIKE & SHARE

कामाः राधाकृष्ण मन्दिर विराटनगर-१ का अध्यक्ष कैलाश रेग्मी, सचिव कृष्ण कार्की र निर्मल पौडेल सिलगुढीमा।

योगबारे चिन्ताः स्रष्टा तथा योग प्रशिक्षक लक्ष्मी युग्मी चौधरी एक साथीसित योग साधनबारे छलफलका क्रममा।

चौतारी महाधिवेशनमाः एमाले निकट प्रेस चौतारी विराटनगर महाधिवेशनमा सक्रिय पत्रकार किशोर विश्वकर्मा।

अष्ट्रेलियाबाट डेनमार्कमाः विराटनगर-३ का सागर पराजुली डेनमार्क भ्रमणमा थकित भएर एक ठाउँमा बस्दै।

Invitation for Bids

Sundarharaincha Municipality

Office of Municipal Executive

Biratchowk, Morang, Koshi Province, Nepal

Date of publication: 2081/12/11

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement as stated in table below under SQ bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. For bidding document Fee in the following bank.
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630146
   Rajaswa Shirshak no: 14229
   Office code no: 801011309
4. Bids must be valid for a period of 45 Dayscounting from the day of bid opening.Amounting to a Minimum of as stated in a table below. which shall be valid for a minimum of 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank: Agricultural Development Bank
   Name of the Office: Sundarharaincha Municipality
   Office Account No.: 0601501147630030
5. If the Bid opening day falls on a government holiday, then the Bid will be opened on the next working day.
6. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np

S.N.	Contract ID No.	Name of Project Work	Estimated Amount Nrs. (without VAT)	Bid Document Fee (Nrs.)	Bid Security Amount (Nrs.)	Last Date of Bid Submission	Bid Opening Date	Remarks
1	SHM/MOR/SQ/W/48/2081/082	Gokulam Cheu Bhaluwa Khola River Training Works, Sundarharaicha-04	1382437.49	1000.00	40000.00	2081/12/26 12:00PM	2081/12/26 01:00PM	SQ

- Chief Administrative Officer

वाह, क्या बात !

उपद्रष्टा हर्कमानका पाना पल्टाउँदा-१

जेबी खत्री



आठराई गाउँपालिका-२ खाम्लालुङ तेह्रथुममा जन्मेका केशु विरही मूलतः अनुसन्धानात्मक कृति लेखनमा दख्खल राख्छन्। ०३२ माघ २८ मा जन्मेका विरहीको वास्तविक नाम केशवप्रसाद गिरी हो। उनको हालको वसोवास बेलबारी-२ लाल भित्ति, मोरङ हो।

विरहीले एमएविएड सम्मको अध्ययन गरेका छन्। उनका माता मदनदेवी र पिता घनश्यम ज्योतिषी हुन्। साहित्यका अन्य विधा गजल,कथा,उपन्यास,निबन्ध,कविता,लघुकथा,बाल कथा,समालोचना आदि क्षेत्रमा पनि विरही सिर्जना गर्छन्। सानैदेखि साहित्य सिर्जनामा खप्पिस उनी ५० को दसकबाट पत्रकारितामा समेत प्रवेश गरेका विरही शिक्षण पेशामा पनि आवद्ध छन्।

कहालीलाग्दा गोरेटाहरू उपन्यास सहलेखन ०५६, आमाको माया उपन्यास ०५७, दन्किएको आगो गजल सङ्ग्रह ०६३, सुस्केरा संयुक्त साहित्यिक सङ्ग्रह ०६३, भास्कर ङ्शावली ०६५, सुलोचना कथासङ्ग्रह ०७१, रेस्माको स्याण्डल बालकथा सङ्ग्रह ०७७, बेलबारीको साहित्यिक इतिहास ०७९, तेह्रथुमको साहित्यिक इतिहास ०८० र उपद्रष्टा हर्कमान तामाङ जीवनी /अनुसन्धानात्मक ०८१ जस्ता कुति प्रकाशित गरिसकेका विरहीका अन्य जीवन कथा अग्रजका, मोरङको पत्रकारिताको इतिहास र बाग्दल डाँगी जस्ता प्रकाशोन्मुख कृतिहरू छन्।

विरहीले विभिन्न पुरस्कार तथा सम्मान पनि पाइसकेका छन्। उनी विभिन्न साहित्यिक संघ, संस्थाको सदस्य, अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, सल्लाहकार र आजीवन सदस्य जस्ता पदमा रहेर यस क्षेत्रमा आफ्नो क्रियाशीलता देखाइसकेका छन्।

सिर्जना र अनुसन्धान फरक विषय हुन्। सिर्जना आफ्नो वा लेखकको निजी भावको कुरा पनि हो। यसलाई तरल रूपमा पनि लिन सकिन्छ। यद्यपी जीवनी तथा अनुसन्धान भनेको यथार्थ परक तथ्यलाई कोट्याएर वा उधिनेर त्यसलाई जस्ताको तस्तै स्वरूप दिनु हो।

सिर्जना डुबुल्की मार्नु जस्तो हो भने अनुसन्धान सँगसँगै हीरा खोज्नु जस्तो हो। बिना कुनै झन्झट र झिजो नमानी यस्ता असमान्य व्यक्तित्वलाई विविध बाधा र व्यवधानका बिच सवै सामु ल्याउनु वा ल्याउने सामर्थ्य राख्नु पनि चानचुने कुरा होइन। जीवनमा सबै भन्दा ठूलो कुरा कर्म हो। कर्मले नै हो मानिसलाई महान् बनाउने।

जसले आफूलाई मात्र उज्यालो बनाउदैनन्। तिनले त अरूहरूलाई समेत उज्यालो. बालेर जीवनको बाटो देखाउँछन्। त्यस्ता व्यक्तित्व समाजमा कमै हुन्छन् जसको उज्यालोलाई केशु विरहीले यो कृति मार्फत् अझ परपरसम्म पुऱ्याउने जमर्को गरेका छन्।

माथि उल्लेखित सिर्जना, जीवनी र अनुसन्धान यी तीन वटै कुरालाई चाल्नोले झैं मसिनो गरि छानेर स्वरूप दिने दख्खल राख्छन् नेपाली साहित्यमा केशु विरही। यो परिवेश,समय र क्षमता भएका उनीमा आफ्नै असली पन छ। १५६ भित्री पृष्ठमा फैलिएको उक्त उपद्रष्टा हर्कमान तामाङ नामक कृति मूलतःजीवनी नै हो। आकारका दृष्टिले सानो भएपनि कृतिमा समाजसेवी, राजनीतिज्ञ तथा साहित्यकार हर्कमान तामाङका जीवनका विविध आयाम र तिनका पाटाहरूलाई समेत समेटेको पाइन्छ।

कृतिका बारेमा चर्चा गर्नुभन्दा पहिले कृतिका बारेमा विभिन्न लेखक,कवि तथा विद्वान् वर्गले आ-आफ्नो मत राखेको पाइन्छ। लेखक स्वयम्ले आफ्ना केही कुरा राखेका छन्। तिनलाई पनि यहाँ उल्लेख नगरि सकिन्न। शुभकामना शिर्षकको आफ्नो छोटो लेखमा कवि एवम् नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीका कुलपति भूपाल राई लेख्छन् केशु विरहीकृत उपद्रष्टा हर्कमान तामाङ शिर्षकको प्रस्तुत कृतिमा तामाङको जीवनी,व्यक्तित्व र कृतित्व बारे चर्चा गरिएको छ।

यसमा तामाङको बाल्यकालदेखि राजनीति एवम् साहित्यिक यात्राको आरोह-अवरोह पूर्ण फेहरिस्त समेटिएको छ। तसर्थ यस कृतिबाट नयाँ र पुराना दुवै खाले पुस्ताले तामाङलाई नजिकबाट चिन्न र जान्न पाउने छन् भन्ने मैले विश्वास लिएको छु। त्यस्तै गरि प्राध्यापक डा.टङ्कप्रसाद न्यौपानेले विरहीको उपयुक्त पात्र चयन शिर्षकीय आफ्नो लेखमा लेखेका छन् पिताको जागिरका क्रममा कलकत्ता हुँदै दार्जिलिङबाट बेलबारी मोरङलाई मूल कर्म थलो बनाएका हर्कमान तामाङ नेपालको राजनीतिमा आएका सत्ता लोलुपताका लागि हुन थालेका उछिन्पाछिन् र विचार हीनताबाट विरक्त भएर वाङ्मय सेवामा समर्पित भएका छन्।

विरहीले तामाङलाई उपद्रष्टा उपाधि दिएका छन्। उपद्रष्टा भनेको साक्षी हो। सल्लाहकार वा तटस्थ रहेर गुण र दोषको विवेचना गर्ने व्यक्ति हो। तामाङ राजनीति,समाज र वाङ्मयका द्रष्टा भएर सिर्जनातिर आकर्षित भएका व्यक्तित्व हुन्। तसर्थ उनी उपद्रष्टा हुन्। यो उपयुक्त उपाधि हो। त्यस्तै गरि लेखकको कलमबाट शिर्षकीय आफ्नो लेखमा उक्त कृतिका कृतिकार स्वयम् लेख्छन् वामपन्थी राजनीतिका साथै नेपाली साहित्यका धरोहरका रूपमा रहेका उहाँलाई मैले बारम्बार एउटा आत्मकथाको पुस्तक लेख्न आग्रह गरिरहेँ।

तर उहाँ आफ्नो बारेमा आफैंले लेख्न नचाहने वा नरुचाउने व्यक्ति हुनुहुँदो रहेछ। उहाँले आफ्नो बारेमा लेख्न रूची राख्नु भएन। पटकपटक पन्छिने काम गरेको थाहा पाएपछि म आफैंले उहाँका बारेमा लेख्न रूची बढाएँ। त्यस्तै गरि जीवनको महत्वपूर्ण समय समाजकै लागि खर्चिने सामाजिक तथा साँस्कृतिक अभियन्ता हर्कमान तामाङका विषयमा तयार पारिएको यो अनुसन्धान मूलक कृति उपद्रष्टा हर्कमान तामाङलाई समाजकै लागि अर्पण गरिएको छ।

त्यस्तैगरि बाहिरी कभरको पछाडिको अन्तिम भागमा प्रकाशकीय टिप्पणी छ। भनिएको छ-नेपाली साहित्यका कथा, लघुकथा, गजल, उपन्यास, बाल साहित्य, समीक्षा, अनुसन्धान आदि विधामा निरन्तर रूपमा कलम चलाउने विरहीले पछिल्लो समय आफूलाई खोज तथा अनुसन्धानको क्षेत्रमा समर्पित गर्नुभएको छ। जटिल तथा उत्तिकै खर्चिलो मानिने यस विधामा आफूलाई समर्पित गर्नु साहित्यकार विरहीका लागि मात्र नभएर साहित्यलाई मायाँ गर्ने हामी सबैका लागि पनि एउटा ठूलो उपलब्धी हो।

यद्यपी सायद स्वाभिमानी मानिस यस्तै हुन्छन्। उनीहरू आफ्नो प्रशंसा आफैं गर्न चाहदैनन्। न आफ्नो गुणगान आफैं गाउन चाहन्छन्। उनीहरू आफ्नो बारेमा आफैं लेख्न चाहदैनन्। कुनै ठाउँ गुण र दोष छुट्याउनु पऱ्यो भनेपनि अरूहरूकै दृष्टिले छुट्याओस,उनीहरू चाहन्छन्। उनीहरू पुरस्कार, मान, सम्मान र प्रशंसाका भोका पनि हुदैनन्। यस्ता असमान्य सोच, विचार र व्यवहार भएका मानिस समाजमा कमै हुन्छन्। क्रमश :